मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे

पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क १३९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ जेठ २१ गते बिहीबार ❑ 4 June 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।–

## भारतका प्रधानमन्त्री मोदी र सभापति लामिछानेबीच भेटवार्ता

**रासस**
काठमाडौं, २० जेठ

भारत भ्रमणमा रहनुभएका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीबीच बुधबार नयाँ दिल्लीमा भेटवार्ता भएको छ।

भेटपछि प्रधानमन्त्री मोदीले आफ्नो सामाजिक सञ्जाल फेसबुकमा सभापति लामिछानेसँग भेट्न पाउँदा अत्यन्त खुशी लागेको उल्लेख गर्नुभएको छ। साथै उहाँले सभापति लामिछानेसँग साझा समृद्ध भविष्यका लागि नजिकबाट सहकार्य गर्ने र उहाँको चाहनालाई स्वागत र पूर्ण रूपमा समर्थन गर्ने उल्लेख गर्नुभएको छ।



प्रधानमन्त्री मोदीले नेपाल 'पहिलो छिमेकी' नीतिअन्तर्गत एक प्राथमिक साझेदार राष्ट्र भएको र दुवै देशबीच रहेको विशेष र बहुआयामिक सम्बन्धलाई अझ उच्च स्तरमा पुऱ्याउन नयाँ सरकारसँग सहकार्य गर्न उत्सुक उल्लेख गर्नुभएको छ। भेटका अवसरमा उहाँहरूबीच नेपाल-भारत सम्बन्ध, रास्वपा र भारतीय जनता पार्टी (भाजपा) बीचको सम्बन्ध, दुई देशबीचको आपसी हितका साथै विविध आयामहरूका विषयमा छलफल भएको थियो।

त्यस अवसरमा भारतीय विदेशमन्त्री डा एस जयशङ्कर, प्रधानमन्त्री मोदीका सुरक्षा सल्लाहकार अजित डोभल, विदेशसचिव विक्रम मिश्रीलगायतको उपस्थिति थियो भने नेपालका तर्फबाट सभापति लामिछाने, उहाँकी धर्मपत्नी नीकिता पौडेल, रास्वपाका नेताद्वय विपीन आचार्य र दीपक बोहरा तथा नयाँ दिल्लीस्थित नेपाली राजदूतावासका उच्च अधिकारीको पनि सहभागिता थियो। भाजपाका अध्यक्ष नीतिन नवीनको निमन्त्रणामा सभापति लामिछाने भारतको पाँचदिने भ्रमणका लागि सोमबार नयाँ दिल्ली प्रस्थान गर्नुभएको हो। यसबीचमा सभापति लामिछानेले मङ्गलबार भारतका गृहमन्त्री अमित शाह, विदेशमन्त्री डा एस जयशङ्करसँग भेटवार्ता गर्नुभएको थियो।

## फिर्केखोलामा ढल विसर्जन रोक्न पोखरा महानगरको चेतावनी

**पोखरापत्र संवाददाता**
पोखरा, २० जेठ

पोखरा महानगरपालिकाले फिर्के खोलामा ढल सिधै फाल्ने काम रोक्न १० दिन भित्र आवश्यक सुरक्षा व्यवस्थाहरू पूरा गर्न आग्रह गरेको छ।

पोखरा महानगरपालिकाले बुधबार एक सूचना जारी गर्दै मापदण्ड बाहिरको जमिनमा सेफ्टी ट्याङ्की र सोफिट निर्माण नगरी ढल फाल्ने कार्य जारी रहे कानुन बमोजिम कारबाही हुने चेतावनी दिएको हो।

साथै, महानगरपालिकाले फिर्के खोलाको खोलाघर भित्र रहेका स्थायी तथा अस्थायी १६० संरचना हटाउने अभियान पनि जारी राखेको छ। वडा नं. १८ को अँधेरीकुनादेखि वडा नं। ६ गाईघाटसम्म फैलिएको खोलाघर सफाइ अभियानमा एक्साभेटर, जेसीबी र महानगरीय प्रहरी बल परिचालन गरिएको छ। बाँकी संरचनाहरू आफैं हटाउने प्रतिबद्धता जनाएका व्यक्तिहरूले तोकिएको समयमा सहयोग पुऱ्याउन महानगरपालिकाले अनुरोध गरेको छ। महानगरपालिकाले भवन तथा पूर्वाधार निर्माण मापदण्ड, २०८० अनुसार फिर्के खोलाको मापदण्ड १० मिटरबाट घटाएर ६ मिटर कायम गरिएको जानकारी दिँदै ६ मिटर भित्र कुनै पनि संरचना निर्माण नगर्न सबैमा आग्रह गरेको छ। फिर्के खोलाको कोरिडोर निर्माण परियोजना र यससँग सम्बन्धित थप विवरण छिट्टै सार्वजनिक गरिने महानगरपालिकाको प्रतिबद्धता छ। पोखरा महानगरपालिकाले यस अभियानमा सहयोग पुऱ्याउने सबै नागरिकप्रति आभार व्यक्त गरेको छ।

त्यसै गरी पोखराको पृथ्वीचोक क्षेत्र जहाँ विभिन्न राजनीतिक दलका ट्रेड यूनियन तथा सामाजिक संघ संस्थाहरुको कार्यालय सहितका भवन भत्काएको स्थानमा अब फराकिलो सडक बनाउने अभियानमा रहेको पोखरा ९ का वडा अध्यक्ष दीपेन्द्र मर्सानीले बताए। पोखरा बनाउने अभियानमा आफुहरु जुटेको बताउदै उहाँले यहाँको संरचना हटाउन अधिकांश संघ संस्थाले साथ र सहयोग गरेकोले जनताको हितमा काम हुने गरी भत्काइएको क्षेत्रमा सडक निर्माण हुने उहाँले जनाउनु भयो।

पोखराका मेयर धनराज आचार्य नेतृत्वले अब पोखराको प्रमुख समस्याको रुपमा रहेको सुकुम्बासी बस्ती सहितको पोखरा बसपार्क क्षेत्रलाई कसरी व्यबस्थापन गर्नु हुन्छ हेर्न बाँकी रहेको छ। पछिल्लो क्रममा पोखरामा सार्वजनिक जग्गामा निर्माण भएका केही संरचना स्वत स्फुर्त भत्काउन सुरु भएको छ। सुकुम्बासीले विकल्प दियर मात्र हटाउन माग गर्दै आएका छन्।

## पोखरा-जोमसोम हवाई सेवा तीन महिना बन्द

**पोखरापत्र संवाददाता**
पोखरा, २० जेठ

यहाँको पोखरा-जोमसोम नियमित हवाई सेवा बन्द भएको छ। यहाँ उडान भर्ने निजी वायु सेवा कम्पनी तारा एयरलाइन्स र समिट एयरलाइन्सले पोखरा-जोमसोम नियमित हवाई सेवा उडान करिव तीन महिनाका लागि बन्द गरेको जनाएका छन्।

बर्खायामको मनसुन, मौसम प्रतिकूलता र पर्यटकीय अफसिजनलगायत कारण यहाँ उडान भर्ने निजी वायु सेवा कम्पनीहरूले पोखरा-जोमसोम नियमित हवाई उडान बन्द गरेको जोमसोम नागरिक उड्यन कार्यालयका प्रमुख दीपक पोखरेलले जानकारी दिनुभयो। बेनी हुँदै सडकमार्गबाट मुस्ताङ आउने पर्यटकको चहलपहल यथावत रहे पनि पोखरा-जोमसोम हवाई यात्रु घटेका कारण हवाई सेवा बन्द हुने पुगेका प्रमुख पोखरेलले उल्लेख गर्नुभयो। यहाँ तारा एयरलाइन्सले मे २२ र समिट एयरलाइन्सले जुन २ तारिखदेखि पोखरा-जोमसोम हवाई सेवा बन्द गरेका प्रमुख पोखरेलले बताउनुभयो।

जोमसोम नागरिक उड्डयन कार्यालयले बर्सेनि हिउँदयाम र बर्खायामको समयमा अल्पकालीन रूपमा यहाँको पोखरा-जोमसोम हवाई सेवा उडान स्थगित हुने गरेको जनाएको छ। यहाँ उडान भर्ने साना जहाजहरू हुम्ला सिमीकोटतर्फ उडाइएको छ। भारतीय पर्यटकका लागि तिब्बतको मानसरोवर यात्रा खुला गरिएकाले यहाँ उडान भर्ने साना जहाज त्यसतर्फ पठाइएको हो। यहाँको नियमित हवाई उडान सेवा बन्द गरिएको भएपनि आकस्मिक चार्टर हवाई तथा हेली उडान सेवा नरोकिने जोमसोम नागरिक उड्डयन प्रमुख पोखरेलको भनाइ छ। पर्यटकीय याममा दैनिक तारा र समिटले गरी औसत १० वटा उडान भर्ने गरेको र जसमा पोखराबाट हवाई मार्ग प्रयोग करिब १५० बढी पर्यटक मुस्ताङ आउने गरेका छन्। समिट एयरलाइन्स जोमसोमका स्टेशन इञ्चार्ज सुमन थकालीले समिट एयरले जुन २ देखि उडान बन्द गरेको जानकारी दिनुभयो। बन्द गरिएको उडान अगस्ट १५ देखि सञ्चालनमा ल्याउने योजना रहेको स्टेशन इञ्चार्ज थकालीले उल्लेख गर्नुभयो।

यसैगरी तारा एयरलाइन्सले पनि मे २२ देखि बन्द गरेको पोखरा-जोमसोम हवाई सेवा सेप्टेम्बरदेखि सञ्चालनमा आउने जोमसोमस्थित स्टेशन इञ्चार्ज सुजन लालचनले जानकारी दिनुभयो। पर्यटक अफसिजन र मनसुन सुरु भएकाले हवाई सेवा बन्द गर्नुपरेको उहाँको भनाइ छ।

यसअघि पोखरा-जोमसोम हवाई उडान सेवाअन्तर्गत तारा एयरलाइन्सले डिसेम्बर चारदेखि मार्च एकसम्म र समिट एयरलाइन्सले डिसेम्बर एकदेखि फेब्रुअरी एकसम्म नियमित हवाई सेवा बन्द गरेका थिए।

## गण्डकी प्रदेशसभामा नीति तथा कार्यक्रममाथि छलफल

**पोखरापत्र संवाददाता**
पोखरा, २० जेठ

गण्डकी प्रदेश सरकारको आगामी आव २०८३/०८४ को नीति तथा कार्यक्रममाथि प्रदेशसभामा बुधबारदेखि छलफल सुरु भएको छ।

प्रदेश प्रमुख डिल्लीराज भट्टले मङ्गलबार प्रदेशसभामा प्रस्तुत गर्नुभएको नीति तथा कार्यक्रममाथि प्रदेशसभा सदस्यहरूले धारणा राख्ने क्रम सुरु भएको हो।

प्रदेशसभा सदस्य जीतप्रकाश आले मगरले विनीयोजन विधेयकका सिद्धान्त र प्राथमिकताअनुसार नीति तथा कार्यक्रम र सोही आधारमा

बाँकी अन्तिम पृष्ठमा ▶▶

## फिर्के खोला वरपरका १६० संरचना हटायो

**पोखरापत्र संवाददाता**
पोखरा, २० जेठ

पोखरा महानगरपालिकाले बजारको मध्य भाग भएर बग्ने फिर्के खोलाको खोलाघरभित्रका स्थायी तथा अस्थायी गरी १६० संरचना हटाएको छ।

यही जेठ १० गतेदेखि महानगरले फिर्केमा अतिक्रमित संरचना हटाउन सुरु गरेको थियो। महानगरले फेवाताल संरक्षणसँग जोडिएको फिर्केखोला सफाइ तथा अतिक्रमण हटाउने अभियानलाई थप प्रभावकारी बनाएको जनाएको छ।

पोखराको वडा नं १८ को अँधेरीकुनादेखि सुरु भएर वडा नं २, ४, ५, ७, ८ र १७ हुँदै वडा नं ६ गाईघाटमा पुगेर फेवातालमा मिसिने फिर्केखोलाको प्राकृतिक बहाव संरक्षणका लागि अभियान सञ्चालन गरिएको महानगर प्रमुख धनराज आचार्यले बताउनुभयो। यसैगरी महानगरले




फिर्के खोलाघरका आंशिक रूपमा हटाइएका संरचना सम्बन्धित व्यक्ति तथा संस्थाले तोकिएको समयभित्र आफैँ हटाउन आग्रह गरेको छ। खोलाघर सफाइबाट निस्किएका भग्नावशेष व्यवस्थापनका लागि स्स्काभेटर, जेसिबी तथा महानगरीय प्रहरी बल परिचालन गरिएको छ। महानगरपालिकाले फिर्केखोलामा सिधै ढल विसर्जन भइरहेको पाइएको भन्दै १० दिनभित्र सेफ्टी ट्याङ्की र सोफिट निर्माण गरी ढल खोलामा फाल्ने कार्य बन्द गर्न चेतावनी दिएको छ।

अन्यथा कानुनबमोजिम कारबाही प्रक्रिया अगाडि बढाइने महानगरले जारी गरेको सूचनामा उल्लेख छ।

यसैगरी महानगरले फिर्केखोला संरक्षणका लागि महानगरले भवन तथा पूर्वाधार निर्माण मापदण्ड-२०८० अनुसार खोलाको मापदण्ड १० मिटरबाट घटाएर छ मिटर कायम गरेकाले उक्त क्षेत्रभित्र कुनै पनि संरचना निर्माण नगर्न नगरवासीलाई आग्रह गरिएको छ। "महानगरपालिकाले फिर्केखोला कोरिडोर निर्माण परियोजना र मापदण्डभित्र बनेका संरचनाबारे विस्तृत जानकारी छिट्टै सार्वजनिक गर्नेछ। फिर्केको मापदण्डभित्र कुनै पनि संरचना बनाउने गैरकानुनी हुन्छ", नगर प्रमुख आचार्यले भन्नुभयो।

फिर्केखोलामा बढ्दो अतिक्रमण, फोहर तथा ढल मिसिने समस्या नियन्त्रण गर्दै फेवाताल संरक्षण गर्ने लक्ष्यसहित महानगरले फिर्केको खोलाघरका संरचना हटाएको हो। अतिक्रमित संरचना हटाएपछि फिर्केको दायाँबायाँनै फुट ट्र्याक निर्माण गर्ने योजना महानगरको छ।



# पोखरा अन्तरराष्ट्रिय विमानस्थलमा उडान भर्न फ्लाइ दुबई इच्छुक

**पोखरापत्र संवाददाता**
पोखरा, २० जेठ

विश्वको प्रमुख हवाई सेवा प्रदायक कम्पनी फ्लाइ दुबईका उड्डयन सुरक्षा उपाध्यक्ष एड्रियन लुकाजले पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यसँग मङ्गलबार भेटवार्ता गर्नुभएको छ।

पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट अन्तरराष्ट्रिय उडान सञ्चालन गर्ने, दुबई र पोखराबीच पर्यटन प्रवर्द्धनका सम्भावनाको खोजी गर्ने, हवाई उडानका क्रममा परिपालना गर्नुपर्ने सुरक्षा मापदण्डलगायत दुई पक्षीय हितका विषयमा कुराकानी भएको थियो। भेटका क्रममा उड्डयनको क्षेत्रमा २० वर्षभन्दा बढी लामो अनुभव भएका लुकाजले पोखरा अन्तरराष्ट्रिय विमानस्थलमा समेत उडान भर्न इच्छुक रहेको बताउनुभएको महानगर प्रमुख आचार्यले जानकारी दिनुभयो।

उड्डयन सुरक्षा, जोखिम व्यवस्थापन र 'एयरलाइन अपरेसन'को क्षेत्रमा विशेषज्ञता हासिल गर्नुभएका लुकाजले फ्लाइ दुबईले उडानबाट पोखरासँग जोडिन पाए समग्र पोखरा र यस क्षेत्रको पर्यटनका लागि सुखद हुने बताउनुभयो। विमानस्थलहरूको अन्तरराष्ट्रिय र स्थानीय उड्डयन सुरक्षा मापदण्डहरूको अनुपालन सुनिश्चित गर्न सुरक्षा रणनीतिहरूको निरीक्षणमा दखल राख्ने लुकाजले पोखराको सुन्दरताले आफू निकै प्रभावित भएकोसमेत बताउनुभयो।

सो क्रममा नगर प्रमुख आचार्यले पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट नियमित अन्तरराष्ट्रिय उडान सञ्चालनका लागि निरन्तर पहल गरिरहेको उल्लेख गर्दै दुई देशबीचको पर्यटन आदानप्रदानमा सिधा उडानको भूमिका महत्वपूर्ण रहने भएकाले सो का लागि कम्पनीका तर्फबाट विशेष पहल गर्न अनुरोध गर्नुभयो।

नेपाल सरकारसँग आफूले पटकपटक संवाद गरेको र विशेष समयहरूमा अन्तरराष्ट्रिय चार्टर उडानहरू सञ्चालन भइरहेकाले विमानस्थल अन्तरराष्ट्रिय उडान भर्न सक्षम रहेको उहाँले उल्लेख गर्नुभयो। "पोखराबाट अन्तरराष्ट्रिय उडान सम्भव छ भन्ने कुरा विभिन्न समयमा भएका चार्टर उडानबाट प्रमाणित भइसकेको छ। पोखरा पर्यटनको राजधानी सहर भएकाले अन्तरराष्ट्रिय बजारमा प्रवर्द्धन गर्नका लागिसमेत अन्तरराष्ट्रिय उडानहरू आवश्यक छ। त्यसतर्फ हामीले जोड दिएका छौँ। आजको भेटले पोखरा अन्तरराष्ट्रिय विमानस्थललाई पूर्ण क्षमतामा सञ्चालन गर्न सहयोग पुग्ने विश्वास बढाएको छ," प्रमुख आचार्यले भन्नुभयो। भेटवार्तामा नगर प्रमुख आचार्यसहित महानगरका प्रमुख प्रशासकीय अधिकृत मुक्तिराम अर्याल, पोखरा भ्रमण वर्षका संयोजक गोपीबहादुर भट्टराईलगायत सहभागी हुनुहुन्थ्यो। मित्रराष्ट्र चीनको सहयोगमा रु २२ अर्ब बढी लगानीमा निर्माण भएर विसं २०७९ पुस १७ गते उद्घाटन भएको पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट हालसम्म नियमित अन्तरराष्ट्रिय उडान सुरु हुन सकेको छैन। विमानस्थल आन्तरिक उडानमा मात्र सीमित हुँदै आएको छ।

# पोखरामा रगत अभाव, रक्तदान गर्न आह्वान

**पोखरापत्र संवाददाता**
पोखरा, २० जेठ

पोखरामा रगत अभाव भएको छ। नेपाल रेडक्रस सोसाइटी कास्कीअन्तर्गत प्रादेशिक रक्तसञ्चार सेवा पोखराले 'एबी पोजेटिभ' समूहको रगत मौज्दात कम हुँदै गएकाले माग धान्न नसक्ने अवस्था आउन लागेको जनाएको छ।

रक्तसञ्चार सेवा प्रमुख अर्जुन ज्ञवालीले जेठ १९ गतेदेखि २३ गतेसम्म कुनै पनि नियमित रक्तदान कार्यक्रम तय नभएकाले यस बीचमा रगत अभाव हुनसक्ने अवस्था आएकाले आकस्मिक रक्तदानका लागि सबैमा आह्वान गरिएको बताउनुभयो। "रक्त अभाव हुनसक्ने अवस्थालाई मध्यनजर गर्दै विभिन्न सङ्घसंस्था, क्लब, आमा समूह, सहकारी संस्था तथा सामाजिक समूहहरूलाई आकस्मिक रक्तदान कार्यक्रम आयोजना गर्न आग्रह गरेका छौँ। सानो प्रयासले कसैको जीवन बचाउन सक्छ भन्ने भावना राखेर रक्तदान गरिदिनुहोला। यहाँ रगतको माग बढी हुने भएकाले नियमितजस्तो कार्यक्रम हुनुपर्दछ", उहाँले भन्नुभयो। पोखरा प्रदेश राजधानीसमेत भएकाले यहाँ अन्य जिल्लाबाट समेत बिरामीहरू रिफर भएर आउने गरेकाले यहाँ रगतको माग उच्च हुने गरेको छ। प्रादेशिक रक्तसञ्चार सेवाका अनुसार पोखरामा दैनिक ७० देखि ८० युनिट रगत आवश्यक पर्ने गरेको छ।

# पाँच महिनामा एक लाख ४२ हजारभन्दा बढी पर्यटक मुस्ताङमा

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २० जेठ

मुस्ताङमा पाँच महिनामा एक लाख ४२ हजारभन्दा बढी विदेशी पर्यटकले भ्रमण गरेका छन्।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना, इलाका संरक्षण कार्यालय (एक्याप) जोमसोमका अनुसार सन् २०२६ को जनवरीदेखि मेसम्म सार्क राष्ट्रका एक लाख २९ हजार ३४१ र अन्य राष्ट्रका १३ हजार ३९८ जनाले यहाँ भ्रमण गरेका हुन्। मे महिनामा मात्रै ६५ हजार ९९४ जना विदेशी पर्यटक यहाँ आउँदा तीमध्ये सार्क राष्ट्रका ६१ हजार ७९८ र अन्य राष्ट्रका चार हजार १९६ रहेका एक्याप कार्यालय प्रमुख राजेश गुप्ताले जानकारी दिनुभयो। अघिल्लो वर्षको जनवरीदेखि मेसम्म ५५ हजार ७५३ जना विदेशी पर्यटक यहाँ भित्रिएकामा सन् २०२६ को सोही अवधिमा ८६ हजार ९८६ जना विदेशी पर्यटक भ्रमणमा आएको एक्यापले जनाएको छ।

सन् २०२६ को पाँच महिनामा सार्कका ९१ प्रतिशत र अन्य राष्ट्रका नौ प्रतिशत पर्यटक मुस्ताङ आएका हुन्। सार्कतर्फ भित्रिएका पर्यटकको सङ्ख्यामध्ये करिब शतप्रतिशत भारतीय रहेको एक्याप प्रमुख गुप्ताले जानकारी दिनुभयो। मे महिनामा मात्रै सार्कतर्फ ९४ प्रतिशत र अन्यतर्फ छ प्रतिशत विदेशी पर्यटकले मुस्ताङको भ्रमण गरेका उहाँले बताउनुभयो। गर्मी बिदाको अवसर पारेर यहाँ आएका भारतीय पर्यटकमध्ये ८० प्रतिशतभन्दा बढी मुक्तिनाथ दर्शन गर्न जाने गरेको गुप्ताले जानकारी दिनुभयो।

सन् २०२५ मा एक लाख ६१ हजार १२२ जना विदेशी पर्यटकले मुस्ताङको भ्रमण गरेका थिए।

# अन्नपूर्ण आरोहणको ७६ वर्ष पूरा

**पोखरापत्र संवाददाता**
म्याग्दी, २० जेठ

अन्नपूर्ण प्रथम हिमाल आरोहण भएको ७६ वर्ष पूरा भएको छ। म्याग्दी, कास्की, मनाङ र मुस्ताङ जिल्लाको सिमानामा रहेको आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण हिमाल आरोहण गरेको बुधबार ७६ वर्ष पूरा भएको हो। यो हिमालको आधार शिविर म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ नारच्याङको भूगोलमा पर्छ।

आठ हजार मिटरभन्दा अग्लो यस हिमालमा पहिलो मानव पाइला परेका कारण अन्नपूर्णलाई जेठो हिमाल भनिन्छ। सन् १९५० मा जुन ३ मा फ्रान्सका मौरिज हर्जोग र लुई लचेनलको टोलीले अन्नपूर्णको शिखर चुमेको तीन वर्षपछि विश्वको सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण भएको थियो।

नेपालको पर्यटन क्षेत्रको विकास र पर्वतारोहणको शुभारम्भ भई हिमाललाई विश्वभर चिनाउने दिनको सम्झनाका रूपमा बुधबार विविध कार्यक्रम गरी दिवस मनाउन लागिएको अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले बताउनुभयो।

यस अवसरमा कास्कीको अन्नपूर्ण गाउँपालिकाको आयोजनामा घान्द्रुकतर्फको आधार शिविरतर्फ दौड प्रतियोगिता र नयाँ पदमार्गको प्रवर्द्धनका लागि लमजुङको दोर्दी गाउँपालिकामा अन्नपूर्ण आरोहण दिवस आयोजना गरिएको छ।

पर्यटन विभागका अनुसार अघिल्लो वर्षसम्म पाँच सय ३६ जनाले आरोहण गरेको अन्नपूर्ण हिमाल चढ्नका लागि यस वर्षको वसन्तयाममा चारवटा समूहका २७ जनाले अनुमति लिएका थिए। अनुमति लिएकामध्ये कतिले सफल आरोहण गरे भन्ने विवरण अद्यावधिक भइरहेको विभागका शाखा अधिकृत शर्मीला बञ्जाडेले बताउनुभयो।

बुधबार आधार शिविरदेखि नारच्याङसम्म ३६ किलोमिटर दूरीमा दौड, सांस्कृतिक कार्यक्रम र पुरस्कार वितरण समारोह गरेर दिवसको समापन गरिने अन्नपूर्ण गाउँपालिका-४ का वडाध्यक्ष लोकबहादुर फगामीले बताउनुभयो। बीस जना सहभागी खुला दौड प्रतियोगितामा विजेतालाई रु एक लाख, उपविजेतालाई रु ६० हजार, तेस्रोलाई रु ३५ हजार र सान्त्वना स्थान हासिल गर्ने तीन-तीन जनालाई रु १०-१० हजार नगद पुरस्कारको व्यवस्था गरिएको छ। नेपाल भूतपूर्व खेलाडी मञ्च र गण्डकी प्रदेश एथलेटिक्स सङ्घको प्राविधिक सहयोगमा दौड प्रतियोगिता आयोजना गरिएको हो। दौड प्रतियोगितापश्चात नारच्याङमा सोमबारदेखि सुरु भएको दिवसको समापन, पुरस्कार वितरण र सांस्कृतिक कार्यक्रम गरिने भएको छ।

# गण्डकी प्रदेशमा...

बजेट ल्याउनुपर्ने बताउनुभयो। सङ्घीय प्रणालीलाई थप सुदृढ गर्नेगरी बजेट तथा कार्यक्रमलाई केन्द्रित गर्नुपर्ने उहाँको भनाइ छ। प्रदेशसभा सदस्य निर्मला थापाले कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य, पूर्वाधार विकासलगायत क्षेत्रलाई प्राथमिकता दिई नीति तथा कार्यक्रम आएको बताउनुभयो।

नीति तथा कार्यक्रमलाई बजेटले सम्बोधन गर्नुपर्ने उहाँको भनाइ छ।

प्रदेशसभा सदस्य कुसुम बुढा पुनले करको दर नभई दायरा बढाउनुपर्ने बताउनुभयो। उहाँले प्रदेश सरकारलाई आत्मनिर्भर बनाउने गरी नीति, कार्यक्रम र बजेट तुर्जमा गर्नुपर्ने बताउनुभयो। उत्पादन र रोजगारी वृद्धिलाई जोड दिनुपर्ने उहाँको भनाइ छ। प्रदेशसभा सदस्य विन्दु पौडेलले केही नयाँ कार्यक्रम घोषणा गरिए पनि अधिकांश कार्यक्रम परम्परागत र सतही भएको बताउनुभयो। उहाँले नागरिकको माग र आकङ्क्षालाई पूरा गर्नेगरी बजेट तथा कार्यक्रम ल्याउनुपर्ने धारणा राख्नुभयो।

प्रदेशसभा सदस्य फणिन्द्र देवकोटाले पर्यटन क्षेत्रको विकासका लागि नीति तथा कार्यक्रममा नयाँ सोच र योजना समावेश भएको बताउनुभयो। उहाँले कतिपय कार्यक्रम तथा योजना कार्यान्वयनमा नीतिगत अस्पष्टताका कारण समस्या भइरहेको भन्दै पहिले त्यसलाई हल गर्नुपर्ने बताउनुभयो।

प्रदेशसभा सदस्य सुनिता थापा, बेदबहादुर गुरुङलगायते नीति तथा कार्यक्रममाथिको छलफलमा भाग लिनुभएको थियो। त्यसअघि मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले नीति तथा कार्यक्रममाथि छलफल गरियोस् भन्ने प्रस्ताव प्रदेशसभामा पेश गर्नुभएको थियो।

नागरिकको दैनिक जीवनमा अनुभूत हुनेगरी प्रभावकारी सेवा प्रवाह, समावेशी विकास, सुशासन र सार्वजनिक उत्तरदायित्व सुनिश्चित गर्नेगरी नीति तथा कार्यक्रम ल्याइएको प्रदेश सरकारले जनाएको छ। 'आत्मनिर्भर र समुन्नत प्रदेश : सुखी प्रदेशवासी' को दीर्घकालीन सोचलाई मार्गदर्शक सिद्धान्तका रूपमा अवलम्बन गर्दै ल्याइएको नीति तथा कार्यक्रममा कृषि र पर्यटनलाई प्राथमिकता दिइएको छ।

# सुकुमवासी स्थानान्तरणका लागि जग्गा खोजी

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २० जेठ

पोखरा महानगरपालिकाले पोखरा बसपार्क क्षेत्रमा बसोबास गर्दै आएका भूमिहीन दलित तथा सुकुमवासी परिवारको स्थानान्तरणका लागि जग्गाको खोजी गरिरहेको छ।

यही जेठ १२ गते गठित जग्गा व्यवस्थापन समितिले महानगरभित्रका विभिन्न वडामा पुगेर सम्भावित जग्गाको स्थलगत अध्ययन गरिरहेको समितिका संयोजक वडा नं १७ का वडाध्यक्ष राधिका शाही योगीले बताउनुभयो।

उहाँले भन्नुभयो, "समितिलाई दिइएको जिम्मेवारीअनुसार जग्गा खोज्ने काम भइरहेको छ, तोकिएको समायावधिमा महानगरपालिकालाई प्रतिवेदन बुझाउँछौँ", महानगरपालिकाले वडाध्यक्ष योगीको संयोजकत्वमा सात सदस्यीय जग्गा व्यवस्थापन समिति गठन गरेको छ।

समितिको सदस्यमा वडा नं ९ का अध्यक्ष दीपेन्द्र मर्सानी, वडा नं १९ का अध्यक्ष तोरण बानियाँ, वडा नं १४ का अध्यक्ष बोधराज कार्की, वडा नं २५ का कार्यवाहक अध्यक्ष धना पोखेल, महानगरको नापी शाखाका प्रमुख सीता कार्की र प्रशासन महाशाखाका प्रशासकीय अधिकृत टीकाराम बजगाईं रहनुभएको छ। दश कार्यदिनभित्र जग्गाको अध्ययन तथा स्थलगत खोज गरी महानगरमा प्रतिवेदन पेस गर्ने गरी समितिलाई जिम्मेवारी तोकिएको महानगरपालिकाले जनाएको छ। महानगरले बसपार्क क्षेत्रको अतिक्रमित जग्गा खाली गराई आधुनिक सुविधासम्पन्न बसपार्क बनाउने योजना अघि सारेको छ। बसपार्कको जग्गामा ५७२ सुकुमवासी तथा भूमिहीन परिवार बसोबास गर्दै आएका छन्। महानगरपालिकाले बसपार्कको जग्गामा रहेका सुकुमवासी तथा भूमिहीन परिवारको लगत छानबिन तथा सत्यतथ्य पहिचानको कामलाई पनि अगाडि बढाएको छ। वास्तविक सुकुमवासीलाई अन्यत्र स्थानान्तरण गरी बसपार्कको अतिक्रमित जग्गा खाली गराउने तयारीमा महानगरपालिका लागिपरेको छ।

महानगरपालिका र पोखरा उपत्यका नगर विकास समितिले बसपार्क क्षेत्रभित्र रहेका पसल कबललगायत सबै संरचना हटाउन सार्वजनिक रुपमा सूचना जारी गरिसकेको छ। यही जेठ १० गते पोखरा उपत्यका नगर विकास समितिले सूचना जारी गरी १५ दिनभित्र त्यस्ता संरचना खाली गर्न निर्देशन दिएको थियो। समितिले पोखरा घरदेखि सेती पुलसम्म, पृथ्वी राजमार्गदेखि दक्षिण, विमानस्थलदेखि उत्तर र पूर्वमा सेती नदी क्षेत्रमा निर्माण गरिएका पसल कबललगायत संरचना हटाई पोखरा बसपार्क निर्माणको प्रक्रियामा सघाउन सूचित गरेको हो। तोकिएको अवधिभित्र संरचना नहटाएमा समिति आफैँले हटाउने र सो क्रममा लाग्ने लागतसमेत सम्बन्धित व्यक्ति तथा संस्थाबाट असुलउपर गरिने जनाइएको छ।

विसं २०३२ मा बसपार्क निर्माणका लागि २०५ रोपनी जग्गा अधिग्रहण गरिए पनि अहिलेसम्म पोखरामा व्यवस्थित बसपार्क बन्न सकेको छैन। पोखरा उपत्यका नगर विकास समितिको स्वामित्वमा रहेको उक्त जग्गा अतिक्रमण परेर अहिले करिब ६० रोपनी क्षेत्रफलमा सीमित रहेको महानगरपालिकाले जनाएको छ।

# लमजुङको दोर्दीमा पर्वतारोहीहरू सम्मानित

**पोखरापत्र संवाददाता**
लमजुङ, २० जेठ

७६ औँ अन्नपूर्ण हिमाल आरोहण दिवसको अवसरमा लमजुङमा तीन जना पर्वतारोहीलाई सम्मान गरिएको छ।

लमजुङ जिल्लाको दोर्दी गाउँपालिकामा जेठ २० र २१ गते सञ्चालन भइरहेको पर्यटन प्रवर्द्धन कार्यक्रममा गोरखाकी पर्वतारोही पूर्णिमा श्रेष्ठ, लमजुङको राइनास नगरपालिका नरेन्द्र शाही र मानराज गुरुङ सम्मानित भएको दोर्दी गाउँपालिकाका अध्यक्ष युवराज अधिकारीले जानकारी दिनुभयो। ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) गण्डकीको आयोजना तथा उद्योग तथा पर्यटन मन्त्रालय, गण्डकी प्रदेश सरकार, नेपाल पर्यटन बोर्ड, दोर्दी गाउँपालिका र अन्नपूर्ण संरक्षण आयोजना (एसीएपी) को सहकार्यमा कार्यक्रम आयोजना गरिएको टान गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्यले जानकारी दिनुभयो।


## बिल-बिजकको प्रयोग अनिवार्य गरौं।

- हरेक खरिदमा अनिवार्य रूपमा बिल/रसिद मागौं,
- कानुनी रूपमा मान्य बिल-बिजक जारी गरौं,
- बिल बिना कारोबार नगर्ने/नगराउने बानी बसालौं,
- कर प्रणालीलाई पारदर्शी र व्यवस्थित बनाउन सहयोग गरौं,
- उपभोक्ता अधिकार संरक्षणका लागि बिल सुरक्षित राखौं,
- कर छलि र अनियमितता अन्त्य गर्न सचेत बनौं,
- डिजिटल बिलिङ प्रणालीको प्रयोग बढाऔं,
- जिम्मेवार नागरिक भई इमानदारीपूर्वक कारोबार गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
## माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरूका लागि
महिलाहरूमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरूमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी



डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरूको सफल उपचारको लागि



डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरूको विशेष आयुर्वेद उपचारको लागि



डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आत्मा अमर छ, न यो जन्मन्छ न मर्छ। –गीता

## सम्पादकीय

# गुरुवर्गलाई नसुहाउने खेल

अध्ययन बिदामा गएर लामो समयसम्म सेवामा नफर्किएका त्रिभुवन विश्वविद्यालयका प्राध्यापकहरूले धमाधम रकम फिर्ता गर्न थालेका छन् । समाजलाई सही बाटो देखाउने गुरुवर्गबाट देशमाथि घात गरेपछि रकमफिर्ता पहिलो शर्त हो । अध्ययन बिदाको दुरुपयोग गरी विश्वविद्यालयलाई हानि पुऱ्याएकोबारे सरकारले चासो लिएपछि लामो समयदेखि बिदामा रहेर सेवामा नफर्किएका प्राध्यापकहरूले रकम फिर्ता गर्न थालेका हुन् । विश्वविद्यालयका अनुसार हालसम्म ४१ जना प्राध्यापकले रकम फिर्ता गरेका छन् । यसबाट रु १० करोड ४६ लाख ५६ हजार ८०४ रकम विश्वविद्यालयको पेन्सन कोषमा दाखिला भएको छ ।

अध्ययन बिदामा रहेका १९१ प्राध्यापकमध्ये ४१ जनाले रकम फिर्ता गरेको छानबिन समितिका संयोजक डा.जीवन काफ्लेले जानकारी दिए । उनका अनुसार ६२ जनाले रकम फिर्ताका लागि समितिसमक्ष निवेदन दिएका छन् । यीमध्ये ५४ जनालाई समितिले पत्र काटेको छ । शिक्षा मन्त्रालयले चासो देखाउने बित्तिकै काम हुन थालेको छ । मन्त्रालयले अध्ययन बिदामा गएर नफर्किने प्राध्यापकहरूलाई कबुलियतनामाअनुसार चाँडो रकम फिर्ता गराउन निर्देशन पनि दिएको छ ।

संयोजक काफ्लेले अध्ययन बिदामा गएर सेवामा नफर्किने प्राध्यापकहरूबाट रकम फिर्ता गर्ने क्रम जारी रहेका जानकारी दिँदै रकम फिर्ता नगरेकाहरूलाई अविलम्ब रकम बुझाउन आह्वान गरेका छन् । विश्वविद्यालयका प्राध्यापक सेवामा नफर्किँदा दुई अर्ब बढीको नोक्सानी भएको जनाइएको छ । विश्वविद्यालयको नियमअनुसार शिक्षक-कर्मचारीले पाँच वर्षसम्म अध्ययन बिदा पाउँछन् । विश्वविद्यालयका निमित्त उपकुलपति डा सुशीलबहादुर बज्राचार्यले अध्ययन बिदामा गएर सेवामा नफर्किने प्राध्यापकहरूले नियमअनुसार बिगो रकम चाँडो फिर्ता गरेर सहजीकरण गरिदिन आग्रह गरेका छन् ।

कानुनअनुसार सबै प्रक्रिया पूरा गरेर पटक पटक सूचना प्रकाशन गरिएको छ। निर्धारित समयमा सम्पर्कमा नआए कानुनअनुसार हुने चेतावनी दिइएको छ। मन्त्रालयको पहलपछि त्रिविले छानबिन समिति बनाएर अध्ययन बिदाको दुरुपयोग गर्ने प्राध्यापकहरूको खोजी गरी उनीहरूबाट रकम असुली गरिरहेको छ । यससम्बन्धी समाचार प्रकाशित भएपछि त्रिविले अध्ययन बिदामा गएर नफर्किने शिक्षक-कर्मचारीहरूको खोजबिन गर्न डा काफ्लेको संयोजकत्वमा तीन सदस्यीय समिति बनाएको थियो । समितिमा कृष्णहरि आचार्य र दीपक तिवारी सदस्य छन् । उक्त समितिले खोजबिन गर्दा करिब ३९८ प्राध्यापकले अध्ययन बिदाको दुरुपयोग गरेको भेटिएको थियो ।

समितिका संयोजक डा. काफ्लेले अध्ययन बिदामा विदेश गएकामध्ये नफर्किनेको सङ्ख्या बढ्दा विश्वविद्यालयले आर्थिक क्षतिका साथै शैक्षिक समस्या र नैतिक नोक्सानी व्यहोरिरहेको छ। त्रिवि कार्यकारी परिषद्ले २०८१ पुस २५ गते छानबिन समिति बनाएको थियो । छानबिन समितिले तयार पारेको प्रतिवेदनमा नफर्किएका १९१ जना र बिदा लिएर अध्ययन पूरा नगर्नेमा २०७ जना गरी ३९८ प्राध्यापक छन् । छानबिन समितिले बिदामा गएर नफर्किएका प्राध्यापकबाट रकम असुलका लागि पटक पटक सूचना निकालेर ताकेता गरिरहेको छ । यसरी ताकेता गर्दा पनि रकम फिर्ता नगर्नेहरूको नाम सार्वजनिक गर्ने तयारी गरिएको छ। समितिले छिट्टै अध्ययन प्रतिवेदन विश्वविद्यालयलाई बुझाउने जनाएको छ। एक जना प्राध्यापकले कम्तीमा रु १० लाखदेखि बढीमा ५० लाखसम्म फिर्ता गर्नुपर्ने देखिएको विश्वविद्यालयले जनाएको छ।

# ट्रक र मोटरसाइकल ठोक्किँदा दुई जनाको मृत्यु

पोखरापत्र संवाददाता
पर्वत, २० जेठ

कुश्मा नगरपालिका-२ स्थित अर्मादीमा ट्रक र मोटरसाइकल एकआपसमा ठोक्किँदा दुई जनाको ज्यान गएको छ।

पोखराबाट मुस्ताङतर्फ जाँदै गरेको ग१क २९२ ९ नम्बरको ट्रक र विपरीत दिशाबाट आउँदै गरेको ध२प ३८०५ नम्बरको मोटरसाइकल एकापसमा ठोक्किदा मोटरसाईकलमा सवार दुई जनाको ज्यान गएको छ।

दुर्घटनामा मोटरसाइकल चालक जलजला गाउँपालिका-९ बनौ निवासी करिब ४० वर्षीय हिरा गर्बुजा र मोटरसाइकलको पछाडि सवार कुश्मा नगरपालिका-१ मालढुङ्गा निवासी अन्दाजी ३५ वर्षीय सुजन भण्डारीको मृत्यु भएको छ। ट्रकको ठक्करवाट गम्भीर घाइते दुवै जनालाई उपचारका लागि प्रदेश अस्पतालमा ल्याएको केही बेरमा चिकित्सकले मृत घोषणा गरेका हुन् । दुवै जनाको टाउको र शरीरका विभिन्न भागमा चोट लागेको थियो। दुवै मृतकको शव परीक्षणका लागि अस्पतालको शव गृहमा राखिएको जिल्ला प्रहरी कार्यालय पर्वतका प्रहरी निरीक्षक राजन पटेलले जानकारी दिनुभयो ।

प्रहरीले ट्रक चालक तनहुँको भिमाद नगरपालिका-२ निवासी करिब ३५ वर्षीय मनोज थापालाई ट्रकसहित जिल्ला प्रहरी कार्यालयमा राखेको छ।

# तनहुँ जलविद्युत् आयोजनाको मुख्य बाँध ५० प्रतिशत

पोखरापत्र संवाददाता
दमौली, २० जेठ

तनहुँको ऋषिङ गाउँपालिकामा निर्माणाधीन तनहुँ जलविद्युत् आयोजनाको प्याकेज-१ अन्तर्गत निर्माण भइरहेको १४० मिटर अग्लो मुख्य बाँधको निर्माण ५० प्रतिशत सकिएको छ । आयोजना २०८१ साल चैत ७ गतेदेखि सुरु भएको हो ।

आयोजना प्रमुख श्यामजी भण्डारीका अनुसार बाँध निर्माणका लागि कुल आठ लाख ५० हजार घनमिटर कङ्क्रिट गर्नुपर्नेमा हालसम्म चार लाख २४ हजार १२० घनमिटर कङ्क्रिट गरिएको छ।

एक सय ४० मिटर उचाइको यो बाँध निर्माण सम्पन्न भएपछि तनहुँ जलविद्युत् आयोजना नेपालको ऊर्जा क्षेत्रमा महत्वपूर्ण उपलब्धिका रूपमा स्थापित हुने विश्वास गरिएको छ।

प्याकेज-१ अन्तर्गत बाँधलगायत संरचनाको काम सोङ्दा कालिका जेभीले गरिरहेको छ । यो प्याकेजमा ५९ प्रतिशत प्रगति भएको छ। मुख्य बाँध निर्माणका लागि सुरुङलगायत अन्य संरचनाको निर्माण सम्पन्न भएको छ।

मुख्य बाँध निर्माणका लागि सेती नदीलाई पथान्तरण गरिएको छ। बाँधको माथिल्लो र तल्लो तटीय क्षेत्रमा अस्थायी बाँध निर्माण सम्पन्न भएको छ।


# ऋण चुक्ता गर्ने आउने बारे ३५ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति २०८३/०२/२१ गते**

जयलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेड, पोखराका तपशिलको ऋणी सदस्यले यस संस्थाबाट विभिन्न प्रयोजनको लागि ऋण सुविधा लिएर संस्थासँग गर्नु भएको सम्झौता एवं तमसुकको शर्त बमोजिमको तोकिएको समयावधि भित्र ऋणको साँवा व्याज नबुझाई ऋण सम्झौताका शर्तहरु उल्लङ्घन गर्नु भएको तथा पटकपटक लिखितम तथा मौखिक तरताकेता गर्दा समेत ऋण चुक्ता गर्न तर्फ कुनै चासो नदेखाएकोले यो ३५ (पैतीस) दिने सूचना प्रकाशित गरिएको छ। उल्लेखित मिति भित्रमा संस्थालाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण ऋण, व्याज, हर्जाना तथा अन्य लेना रकम समेत चुक्ता नभएमा यस संस्थालाई ऋण सुरक्षण वापत लेखिदिनु भएको तपसिलको चल/अचल सम्पत्ति प्रचलित ऐन कानुन तथा विद्यमान सहकारी ऐन नियमावली तथा संस्थाको बिनियिम एवं नीति नियमावली बमोजिम धितो लिलाम बिक्री गरी सोबाट आफ्नो सम्पूर्ण लेना रकम असुल उपर नभएमा यहाँको अन्य चल/अचल सम्पत्ति तथा यहाँको परिवार एवं ऋण सिफारिस कर्ता/जमानतकर्ताको चल/अचल श्रीसम्पत्तिबाट समेत संस्थाले आफ्नो लेना रकम असुल उपर गर्ने गराउने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ। यो सूचना अनुसार समयमा नै संस्थामा सम्पर्क गरी ऋण व्यवस्थापन नगरे नगराएमा यहाँको सम्पूर्ण विवरण जानकारीको लागि सम्पूर्ण बैंक वित्तिय संस्था, स्थानीय निकाय एवं अन्य प्रशासनिक निकायलाई समेत पठाईने व्यहोरा यसै सूचना मार्फत अग्रिम रुपमा जानकारी गराउँदै हालसम्म संस्थामा तिर्न बुझाउन बाँकी रकम यथासक्य छिटो चुक्ता भुक्तानी गर्न गराउन हुन अनुरोध छ।

| सि.नं | ऋणी सदस्यहरुको नामथर | ऋणीको फोटो | धनजमानतकर्ताको नामथर, ठेगाना | जमानीको फोटो | धितो विवरण |
|---|---|---|---|---|---|
| १ | **नाम : सिर्जना परियार**<br>ना प्र.प.नं. ४६/३/००२/११२४, (कास्की)<br>बुवा : लुरी दर्जी<br>पति/पत्नी : संजय साह<br>ससुरा/बाजे : जोगेन्द्र साह<br>ठेगाना : पोखरा -२६ कास्की<br>हाल ठेगाना : पोखरा -०५ कास्की |  | **नाम : संजय साह**<br>नाप्र.प.नं : ०५३०५०/७२९ (मोरङ्ग)<br>बुवा : जोगेन्द साह<br>पति/पत्नी : सिर्जना परियार<br>ससुरा/बाजे : लक्ष्मी प्रसाद साह<br>ठेगाना : रंगेली -०४ मोरङ्ग<br>हाल ठेगाना : पोखरा- ०५ कास्की |  | ठेगाना :<br>तनहुँ क्यामिन छापथोक ०७ क कित्ता नं ४४८ क्षेत्रफल ३-०-०-० |
| | | | **नाम : प्रेम बहादुर विक**<br>ना प्र.प.नं.: ४६१०४४/६२६ (कास्की)<br>बुवा : बुद्धि बहादुर विक<br>पति/पत्नी :<br>ससुरा/बाजे : काला बहादुर विक<br>ठेगाना: दाङसिङ -०८ कास्की |  | |
| २ | **नाम : लक्ष्मी सुबेदी**<br>ना प्र. प.न. : ३१५२, (पर्बत)<br>बुवा: कृण्ण दत्त पौडेल<br>पति/पत्नी : छबिलाल सुबेदी<br>ससुरा/बाजे : तुलाराम सुबेदी<br>ठेगाना : ठुलापोखरी -७ पर्बत<br>हाल ठेगाना : पोखरा -५ प्रस्याङ्ग |  | **नाम : छबिलाल सुबेदी**<br>ना प्र. प.न. ३११ (पर्बत)<br>बुवा : तुलाराम सुबेदी<br>पति/पत्नी : लक्ष्मी सुबेदी<br>ससुरा/बाजे : बलभद्र सुबेदी<br>ठेगाना : पोखरा -५ प्रस्याङ्ग<br>हाल ठेगाना : पोखरा -५ प्रस्याङ्ग |  | ठेगाना :<br>कास्की रुपाकोट ३ कित्ता नं ३४८० क्षेत्रफल ०-५-३-० |
| ३ | **नाम : मीना कुमारी मगर**<br>ना प्र.प.नं. : १६४२८५ (कास्की)<br>बुवा : कर्ण बहादुर मगर<br>पति/पत्नी : पस बहादुर मगर<br>ससुरा/बाजे : हर्कमान मगर<br>ठेगाना : माछापुच्छे -२ सार्दीखोला<br>हाल ठेगाना : पोखरा -१९ पुरुन्चौर |  | **नाम : बल बहादुर पुन**<br>ना प्र.प.नं. : ५३४४० (कास्की)<br>बुवा : कर्ण बहादुर पुन<br>पति/पत्नी :<br>ससुरा/बाजे : टेक बहादुर पुन<br>ठेगाना : माछापुच्छे -२ सार्दीखोला<br>हाल ठेगाना : माछापुच्छे -२ सार्दीखोला |  | ठेगाना :<br>कास्की सार्दीखोला ८ कित्ता नं ९५७ क्षेत्रफल ०-८-३-० |
| | | | **नाम : यम माया पुन**<br>ना.प्र.प.नं.: ४६३०४१-१६ (कास्की)<br>बुवा : हिरा बहादुर मगर<br>पति/पत्नी : गम बहादुर मगर<br>ससुरा/बाजे : चेत प्रसाद मगर<br>ठेगाना : माछापुच्छे- ९ सार्दीखोला<br>हाल ठेगाना : पोखरा -१९ लामाचौर |  | |
| ४ | **नाम : शंकर भण्डारी**<br>ना.प्र.प.नं.: ४५५९ (कास्की)<br>बुवा : रुद्र बहादुर भण्डारी<br>पति/पत्नी : पार्बती भण्डारी<br>ससुरा/बाजे : लोक बहादुर भण्डारी<br>ठेगाना : हाल पो.म.न.पा.-१६ लामाचौर |  | **नाम : पार्बती भण्डारी के.सी.**<br>ना.प्र.प.नं.: १३९२५६ (कास्की)<br>बुवा : मान बहादुर पौडेल क्षेत्री<br>पति/पत्नी : शकर भण्डारी<br>ससुरा/बाजे : रुद्र बहादुर भण्डारी<br>ठेगाना: हाल पो.म.न.पा.-१६ लामाचौर |  | ठेगाना : बाटुलेचौर -७,<br>कित्ता नं.: २१४४, २१४८<br>क्षेत्रफल:<br>१-६-३-२,<br>१-१४-२-० |
| | | | **नाम : अनुष्का भण्डारी**<br>ना.प्र.प.नं.: ४६-०१-८०-०१२९५ (कास्की)<br>बुवा : शकर भण्डारी<br>पति/पत्नी : रुद्र बहादुर भण्डारी<br>ससुरा/बाजे : लोक बहादुर भण्डारी<br>ठेगाना: हाल पो.म.न.पा.-१६ लामाचौर |  | |
| ५ | **नाम : शिव बहादुर पोखेल**<br>ना प्र. प.न.: ४९४७३(कास्की)<br>बुवा : उदय बहादुर पोखेल<br>पति/पत्नी : पार्बती पोखेल<br>ससुरा/बाजे : दण्डपाणी पोखेल<br>ठेगाना : हाल पो.म.न.पा -१७ बिरौटा |  | **नाम : बिनिता पोखेल**<br>ना प्र. प.न.:४६-०१-७६-०५०४४ (कास्की)<br>बुवा : शिब बहादुर पोखेल<br>ससुरा/बाजे : उदय बहादुर पोखेल<br>ठेगाना: हाल पो.म.न.पा -१७ बिरौटा |  | ठेगाना : कास्की कृस्तीं: ३<br>कित्ता नं. २८४२, ११२८<br>क्षेत्रफल<br>२-११-२-०<br>१-९-३-१<br>४-५-१-१ |
| ६ | **नाम : पार्बती पोखेल**<br>ना प्र. प.न.: ५७२४४(कास्की)<br>बुवा : चन्द्र बहादुर खत्री<br>पति/पत्नी : शिब बहादुर पोखेल<br>ससुरा/बाजे : उदय बहादुर पोखेल<br>ठेगाना: हाल पो.म.न.पा -१७ बिरौटा |  | | | |
| ७ | **नाम : कुसुम खत्री**<br>ना प्र.प.नं.: ७९७७२ (कास्की)<br>बुवा: गणेश बहादुर खत्री<br>पति/पत्नी : कुमार बस्नेत<br>ससुरा/बाजे: गणेश बहादुर खत्री<br>ठेगाना: पोखरा म.न.पा. -१४ चाउथे |  | **नाम : गोविन्द प्रसाद कोइराला**<br>ना.प्र.प.नं.: ४६३००१/२२१० (कास्की)<br>बुवा: ठाकुर प्रसाद कोइराला<br>ससुरा/बाजे: पदम राज कोइराला<br>ठेगाना: पोखरा म.न.पा. -०५ मालेपाटन |  | |
| | | | नाम : चन्द्र प्रकाश श्रेष्ठ<br>ना.प्र.प.नं.: ३९-०१-७२- ०६०३३ (पाल्पा)<br>बुवा : गणेश इन्द्र नारायण<br>ससुरा/बाजे: तारा प्रसाद श्रेष्ठ<br>ठेगाना: हाल पोखरा- ०८ सृजनाचोक |  | |



# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सहयोग मिल्नेछ |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : झमेला बड्ने |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : शुभ यात्रा |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : स्वास्थ्यमा सुधार |
| कन्या | : मानसिक तनाब | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# कुरुवाघर सञ्चालनपछि प्रसूति र कुरुवा लाभान्वित

**पोखरापत्र संवाददाता**
बलेवा, २० जेठ

गलकोट नगरपालिका र जैमिनी नगरपालिकाको नगर अस्पतालमा निर्माण गरिएको कुरुवाघर सञ्चालनमा आएपछि प्रसूति र कुरुवा लाभान्वित भएका छन् ।

प्रसूति सेवा लिन आउनेका कुरुवालाई निःशुल्क बस्न सहज होस् भन्ने हेतुले उक्त प्रतिक्षाघर बनाइको थियो । प्रतिक्षाघर निर्माणपछि बिरामीका कुरुवा तथा आफन्तलाई सहज भएको छ । प्रतीक्षा घरमा बसेपछि चिकित्सक र स्वास्थ्यकर्मीको प्रत्यक्ष निगरानी भएपछि सुत्केरीहरु सुरक्षित भएका छन् । हेलिकप्टरबाट उद्धार गरेर पठाउने समस्या हटेको छ ।

प्रतीक्षा घर बनेपछि सेवाग्राही र उनीहरुका कुरुवालाई सहज वातावरण सिर्जना भएको जैमिनी नगर अस्पतालका प्रमुख डा सुजन शर्माले बताउनुभयो । ती दुवै प्रतिक्षा घर निर्माणका लागि फेयरमेड फाउण्डेसन र नेपाल गाजा डेभलपमेन्ट फाउण्डेसनले रु चार/चार लाख तथा नगरपालिकाले रु छ लाखका दरले रकम उपलब्ध गराएको थियो ।

गलकोटको प्रतिक्षा घरमा एकैपटक तीन परिवार वा तीन जनाका कुरुवा बस्न सक्छन् भने जैमिनीमा दुई परिवार बस्न मिल्नेछ ।

त्यहाँको ग्रामीण क्षेत्रबाट प्रसूति व्यथा हुनु एक दिनअघि नै गर्भवती स्वास्थ्य संस्थामा पुग्नुपर्ने भएकाले त्यस समयमा आर्थिक समस्या भोग्न नपरोस् भनी नगर अस्पताल र स्वास्थ्य चौकीमा यस्ता कुरुवा निर्माण गरिएको संस्थाका अनुगमन अधिकृत सुजन पौडेलले बताउनुभयो ।

गत असोजदेखि शल्यक्रिया सेवा सुरु गरिएको गलकोट नगर अस्पतालमा अहिलेसम्म १५० महिलाले प्रसूति सेवा लिएका छन् । त्यस अवधिमा ३७ जनाको शल्यक्रिया भएको छ । ती सबैले सुत्केरी हुनुपूर्व र सुत्केरीपछि कुरुवाघरको सेवा लिएका छन् । अस्पताल प्रशासनका अनुसार यहाँ ७७ जना सुत्केरीका आफन्तले कम्तीमा एक रात बसेर घर फर्केका छन् । कतिपयले यहाँ सात दिनसम्म पनि सेवा लिइएको पाइएको छ ।

अघिल्लो आर्थिक वर्ष ८० जना सुत्केरी गराएको गलकोट नगर अस्पतालमा यस आवमा १५० बढीले सेवा लिइसकेको अस्पतालका प्रमुख डा राजेश पौडेलले बताउनुभयो । धौलागिरि अस्पताल पछिको धेरै सेवा दिने र धेरै सेवाग्राही आउने अस्पतालमा यो सूचीकृत छ ।

परियोजनाले जैमिनीनगरपालिकाको कुश्मीसेरा अस्पतालमा पनि प्रतीक्षाघर बनाएको छ । यहाँ अघिल्लो वर्ष २८ जनाले प्रसूति सेवा लिएका थिए । यसअघि निसीखोला, बडिगाड, काठेखोला, बरेङ र ताराखोलामा साझेदारीमा प्रसूति प्रतीक्षा घर बनिसकेका छन् । निसीखोलाको बोहोरागाउँ स्वास्थ्यचौकीमा वर्षमा १२० जनासम्म गर्भवती र कुरुवाले उक्त घर उपयोग गरेका छन् ।

जैमिनीमा बनेको प्रतीक्षा घरको केही दिनअघि मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले उद्घाटन गर्नुभयो । जैमिनीलाई बालमैत्री बनाउने अभियानमा आएका मुख्यमन्त्रीले नगर अस्पतालको अनुगमन पनि गर्नुभयो ।उहाँले प्रतिक्षाघरले महिलाको स्वास्थ्यमा राम्रो प्रभाव पर्ने भन्दै बालबालिकाको सुरक्षित जन्मन पाउने अधिकार पनि सुरक्षा भएको बताउनुभयो ।

नेपाल गाजा डेभलपमेन्ट फाउण्डेसनका अध्यक्ष यमप्रसाद कँडेलले आमा र शिशुको स्वास्थ्यमा सम्बोधन परियोजनाको लगानीलाई सबै स्थानीय तह र सरकारी निकायले ग्रहण गर्नसकेमा स्वास्थ्य क्षेत्रमा सुधार र परिवर्तन सम्भव हुने बताउनुभयो ।

# मकैको खोस्टा उपयोगका लागि तालिम

**पोखरापत्र संवाददाता**
म्याग्दी, २० जेठ



केही समयअघिसम्म मकै भित्र्याएपछि खेतबारी वा घरआँगनमा थुप्रिने खोस्टा अधिकांशका लागि काम नलाग्ने वस्तु थियो, तर हाल त्यही खोस्टा महिलाहरूका लागि सीप, सृजना र आम्दानीको माध्यम बन्न थालेको छ ।

यसैबीच दमौलीमा सुरु भएको मकैको खोस्टाबाट विभिन्न सामग्री निर्माण गर्ने तालिमले महिलाहरूमा नयाँ उत्साह थपेको छ । जनभावना नेवाः खल मिसाः पुच दमौलीको आयोजना तथा व्यास नगरपालिका-३ वडा कार्यालयको आर्थिक सहयोगमा मङ्गलबारदेखि यहाँ सुरु भएको पाँचदिने तालिममा ४० जना महिला सहभागी छन् । तालिममा सहभागीहरूलाई मकैको खोस्टालाई उपयोग गर्न विभिन्न आकारमा मोड्दै, गाँस्दै र सजावटी सामग्री बनाउने अभ्यास गराउन थालिएको छ । वडाध्यक्ष अनुप रानाले खेर गइरहेको मकैको खोस्टाको उपयोग गरी आत्मनिर्भर बनाउने उद्देश्यले तालिमको आयोजना गरिएको बताउनुभयो । तालिमपछि व्यवहारिक अभ्यासका लागि पनि प्रोत्साहन गरिने र उत्पादित सामग्रीको बजारीकरणका लागि कार्यालयले आवश्यक सहयोग गर्ने उहाँले बताउनुभयो । "सीप सिकेरमात्रै पुग्दैन, त्यसलाई व्यवसायमा रूपान्तरण गर्न सक्नुपर्छ । यस कार्यमा सहयोग गर्छौं", वडाध्यक्ष रानाले भन्नुभयो । व्यास नगरपालिकाका पूर्वप्रमुख ताराप्रसाद श्रेष्ठले सीपलाई आयआर्जनसँग जोड्न सके तालिमको उपलब्धि देखिने बताउनुभयो । उहाँले स्थानीयस्तरमा खेर जाने सामग्रीबाट लाभ लिन यस्ता कार्यक्रमको निरन्तरताका लागि पनि आग्रह गर्नुभयो । महिला उद्यमी सङ्घ गण्डकीकी उपाध्यक्ष निर्मला मल्लले मकैको खोस्टाजस्तो सामान्य वस्तुले पनि राम्रो आम्दानी दिन सक्ने बताउनुभयो । "सिर्जनशीलता र मिहिनेत जोडियो भने खेर जाने वस्तु पनि अवसर बन्न सक्छ । त्यसैले तालिमलाई अवसरका रूपमा लिँदै आत्मभिर बन्न आवश्यक छ", उहाँले भन्नुभयो ।

वडासचिव सावित्री आचार्यले वडा कार्यालयले समुदायका विभिन्न समूहलाई लक्षित गरी नियमित रूपमा सीपमूलक तालिम सञ्चालन गर्दै आएको बताउनुभयो । यस्ता कार्यक्रमले महिलाको आत्मविश्वास बढाउनुका साथै स्वरोजगारको अवसर सृजना गर्ने उहाँको भनाइ थियो । जनभावना नेवाः खल मिसाः पुचकी अध्यक्ष रश्मिला ताम्राकारले महिलालाई आर्थिक गतिविधिसँग जोड्न र स्थानीयस्तरमै रोजगारी सृजना गर्ने उद्देश्यले तालिम आयोजना गरिएको बताउनुभयो । सचिव सरिता श्रेष्ठले आमा समूह, टोल विकास संस्था तथा पुचका सदस्यहरूबाट छनोट गरी तालिम दिन थालिएको बताउनुभयो । यही जेठ २३ गतेसम्म सञ्चालन हुने तालिममा विमल श्रेष्ठ र सुशीला श्रेष्ठले प्रशिक्षण दिइरहनुभएको छ ।

## सार्वजनिक सूचना

कास्की जिल्ला पोखरा महानगरपालिका-१२ बस्ने शान्ति गुरुङको नाममा रहेको पोखरा महानगरपालिका वडा नं. १२ को कित्ता नं. १०२ को क्षेत्रफल १९६ वर्गमिटर भएको जग्गामा घर निर्माण कार्य गर्ने क्रममा उत्तर तर्फ तर्फ कि. नं. ४३ को सधियारा फेला नपरेको हुँदा उक्त निर्माण कार्य गर्दा बाधा पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस पोखरा महानगरपालिका वडा नं. १२ को कार्यलयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

## सार्वजनिक सूचना

कास्की जिल्ला पोखरा महानगरपालिका-६ बस्ने नविना सुवेदीको नाममा रहेको पोखरा महानगरपालिका वडा नं. ३० को कित्ता नं. २१६२२ को क्षेत्रफल ०-४-०-३ भएको जग्गामा घर निर्माण कार्य गर्ने क्रममा पूर्वतर्फ कि.नं. २१६२१ र दक्षिण तर्फ कि. नं. ७७९० को सधियारा फेला नपरेको हुँदा उक्त निर्माण कार्य गर्दा बाधा पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस पोखरा महानगरपालिका वडा नं. ३० को कार्यलयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| सि.नं | ऋणी सदस्यहरुको नामथर | ऋणीको फोटो | धनजमानतकर्ताको नामथर, ठेगाना | जमानीको फोटो | धितो विवरण |
|---|---|---|---|---|---|
| ८ | **नाम : मन कुमारी आले**<br>ना.प्र.प.नं.: २३९-२३४६ (गोर्खा)<br>बुवा : बखत बहादुर मगर<br>पति/पत्नी : पदम बहादुर आले<br>ससुरा/बाजे : रण बहादुर आले<br>ठेगानाः हाल पो.म.न.पा -०७ मासबार |  | **नाम : तेज बहादुर गुरुङ**<br>ना.प्र.प.नं.: २५५१(तनहुँ)<br>बुवा : मोती मान गुरुङ<br>पति/पत्नी : जसन्धरा गुरुङ<br>ससुरा/बाजे : धनराज गुरुङ<br>ठेगानाः हाल पो.म.न.पा -३२ गगनगौडा |  | |
| ९ | **नाम : शुशिला बि.क.**<br>ना.प्र.प.नं.: ४०-०१-७०-००५९५ (अर्घाखाँची)<br>बुवाः रिखिराम कामी<br>पति/पत्नी : गणेश बि.क.<br>ससुरा/बाजे : कृष्ण बहादुर टोमाटो<br>ठेगानाः हाल पो.म.न.पा -१६ लामाचौर |  | **नाम : गणेश बि.क.**<br>ना.प्र.प.नं.: ४०-१००१-७८७ (अर्घाखाँची)<br>बुवा : कृष्ण बहादुर टोमाटो<br>पति/पत्नी : शुशिला बि.क.<br>ससुरा/बाजे : तिल बहादुर बि.क.<br>ठेगानाः हाल पो.म.न.पा -१६ लामाचौर |  | |
| | | | **नाम : रोमा पौडेल**<br>ना.प्र.प.नं.: ४४३-४०१००४ (अर्घाखाँची)<br>बुवा : प्रेमनारायण पौडेल<br>पति/पत्नी :<br>ससुरा/बाजे : धनिराम पौडेल<br>ठेगानाः हाल पो.म.न.पा -१६ लामाचौर |  | |
| १० | **नाम : बिष्णु देबकोटा**<br>ना.प्र.प.नं.: १६७६७३ (कास्की)<br>बुवाः प्रेम बहादुर भन्ने तुल बहादुर<br>पति/पत्नी : गोबिन्द प्रसाद देबकोटा<br>ससुरा/बाजे : लक्ष्मी प्रसाद देबकोटा<br>ठेगानाः हाल पो.म.न.पा.-२३ पामे |  | **नाम : बिष्णुमाया देबकोटा**<br>ना.प्र.प.नं.: ४६-०१-७६-०३००५ (कास्की)<br>बुवा : गोबिन्द प्रसाद देबकोटा<br>ससुरा/बाजे : लक्ष्मी प्रसाद देबकोटा<br>ठेगानाः हाल पो.म.न.पा.-२३ |  | |
| | | | **नाम : भेषराज आचार्य**<br>ना.प्र.प.नं.: ७४२२७(कास्की)<br>बुवा : बलराम आचार्य<br>पति/पत्नी :<br>ससुरा/बाजे : मोतीलाल आचार्य<br>ठेगानाः हाल पो.म.न.पा.-१६ अर्मला |  | |
| | **नाम : खिम बहादुर गोतामे क्षेत्री**<br>ना.प्र.प.नं.: ४६-०१-७१-००८४४ (कास्की)<br>बुवाः मोहन बहादुर गोतामे क्षेत्री<br>पति/पत्नी : हिमकला गौतम<br>ससुरा/बाजे : भिम बहादुर गोतामे क्षेत्री<br>ठेगानाः हाल पो.म.न.पा.-२० भलाम |  | **नाम : हिमकला गौतम**<br>ना.प्र.प.नं.: ७/५७(कास्की)<br>पति : खिम बहादुर गोतामे क्षेत्री<br>ससुरा/बाजे : मोहन बहादुर गोतामे क्षेत्री<br>ठेगानाः हाल पो.म.न.पा.-२० भलाम |  | |
| | | | **नाम : अमिस गौतम**<br>ना.प्र.प.नं.: १६३९४९ (कास्की)<br>बुवा : खिम बहादुर गोतामे क्षेत्री<br>ससुरा/बाजे : मोहन बहादुर गोतामे क्षेत्री<br>ठेगाना : हाल पो.म.न.पा.-२० भलाम |  | |
| ११ | **नाम : लक्ष्मी शर्मा**<br>ना.प्र.प.नं.: ५१ ६५८९(पर्बत)<br>बुवाः पदमपानि शर्मा<br>पति/पत्नी : धुर्ब राज पन्त<br>ससुरा/बाजे : भुबनेश्वर पन्त<br>ठेगानाः हाल पो.म.न.पा.-१० अमर सिंह |  | **नाम : ध्रुव राज पन्त**<br>ना.प्र.प.नं.: ३१५० (पर्बत)<br>पत्नी : लक्ष्मी शर्मा<br>बुवा : भुबनेश्वर पन्त<br>ससुरा/बाजे : रामसाली पन्त<br>ठेगाना : हाल पो.म.न.पा.-१० अमरसिंह |  | |
| | | | **नाम : आनन्द कँडेल**<br>ना.प्र.प.नं.: ४१००२-१०९५ (कास्की)<br>बुवा : गजेन्द्र प्रसाद कँडेल<br>ससुरा/बाजे : मधुसुधन कँडेल<br>ठेगाना : हाल पो.म.न.पा.-३० लेखनाथ |  | |

"सहकारीमार्फत् आत्मनिर्भरता"

**जयलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.**
Jayalaxmi Saving & Credit Co-operative Society Ltd.
**मुख्य कार्यालय : पोखरा-१६, लामाचौर फोन : ०६१-४५२२६६**

## ऋणी सदस्य एवं जमानतकर्तालाई अत्यन्तै जरुरी सूचना ।

**प्रकाशित मिति २०८३/०२/२१ गते**

यस संस्थाबाट विभिन्न प्रयोजनको लागि ऋण सुविधा लिएर तोकिएको वा सम्झौता बमोजिमको समयावधिभित्र ऋणको साँवा, ब्याज नबुझाई ऋण सम्झौताका शर्तहरू उल्लङ्घन गर्नुहुने सम्पूर्ण ऋणी सदस्य तथा सम्बन्धित ऋण सिफारिसकर्ता/धनजमानतकर्ता एवं परिवारलाई यस संस्थाले पटकपटक विभिन्न माध्यमबाट ऋणको साँवा ब्याज, हर्जना यथासक्य छिटो चुक्ता भुक्तानी गर्न गराउन अनुरोध सहित फोन, एस एम एस एवं ताकेता पत्र प्रेसित गर्दा समेत ऋणी सदस्यले कारोबार नियमित नगरेको र ऋणी सदस्यहरु संस्थाको सम्पर्कमा नै नआउनु भएकोले त्यस्ता सम्पूर्ण ऋणी सदस्य, जमानतकर्ताहरूलाई यही २०८३ असार २ गते सोमबार भित्र संस्थामा सम्पर्क गरी ऋणको साँवा, ब्याज, हर्जना चुक्ता भुक्तानी गर्न गराउन यो सूचना प्रेसित गरिएको व्यहोरा अनुरोध छ ।

संस्थाको उक्त अनुरोधको बावजुद पनि ऋणी सदस्य तथा जमानतकर्ता/ सिफारिसकर्ता एवं परिवारजनले ऋण नियमित गर्ने गराउने तर्फ कुनै चासो नदेखाएमा ऋणी सदस्य, परिवारजन एवं धनजमानतकर्ताको नाउँमा संस्थामा रहेको शेयर एवं बचतबाट ऋण मिलान गर्ने र सो पश्चात पनि ऋण असुली हुन नसकेमा त्यस्ता ऋणी तथा ऋण जमानतकर्ता/सिफारिसकर्ता एवं परिवारबाट ऋण असुल उपर गर्न गराउन संस्थाले थप कानुनी प्रक्रिया अगाडि बढाउने व्यवहार समेत जानकारी गराइन्छ । तसर्थ हालसम्म संस्थामा तिर्न बुझाउन बाँकी रकम यथाशक्य छिटो चुक्ता भुक्तानी गर्न गराउन हुन अनुरोध छ ।

**पुनश्चः**

- संस्थाका सम्पूर्ण शेयर सदस्यहरूले नियामक निकायको निर्देशन अनुसार सदस्य पहिचान फाराम KYM(Know Your Member) मा विवरण अद्यावधिक गर्न अनिवार्य भएकाले बाँकी रहेका सदस्यले मिति २०८३ असार मसान्तभित्र नागरिकता, राष्ट्रिय परिचय पत्र एवं हालसालै खिचेको फोटो १ प्रति सहित संस्थामा उपस्थित भई अनिवार्य अद्यावधिक गर्न सूचित गरिन्छ ।

पान नं.: ६११७०७०२२ दर्ता नं.: ०२६/०७५/०७६

**भद्रकाली बचत तथा ऋण सहकारी संस्था लि.**
**BHADRAKALI SAVING & CREDIT CO-OPERATIVE LTD.**
पोखरा महानगरपालिका- १३, बि.पि. मार्ग, कुँडहर
फोन : ०६१-५७६३८०
bhadrakalisahakari@gmail.com